२०७९ सालको निर्देशिका नं. १

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६ को पहिलो संशोधन निर्देशिका, २०७९

<u>**प्रस्तावनाः**</u>

हेटौंडा उपमहानगरपालिका बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका संशोधन गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६ को पहिलो संशोधन निर्देशिका, २०७९" रहेको छ ।

२. **दफा २ को परिभाषा खण्ड संशोधनः** दफा २ को परिभाषा खण्डमा साविकको खण्ड (ग) र (घ) को सट्टामा देहायको खण्ड (ग) र (घ) कायम गरिएको छ ।

**(ग) बाल समूहः** भन्नाले यस निर्देशिका बमोजिम गठन भई वडा कार्यालयमा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संगठनलाई जनाउने छ ।



हेटौंडा राजपत्र

**(घ) बाल समूह सञ्जालः** भन्नाले यस निर्देशिका बमोजिम गठन भई वडा कार्यालयमा सूचीकृत भएका वडास्तरीय बाल समूहबाट गठित वडास्तरीय बालसमूह सञ्जाल र सम्पूर्ण वडास्तरीय बाल समूह सञ्जालवाट प्रतिनिधित्व भई गठन नगरस्तरीय बाल समूह सञ्जाललाई जनाउनेछ ।

**३. दफा ५ संशोधनः** साविकको दफा ५ को सट्टामा देहायको दफा ५ कायम गरिएको छ ।

**दफा ५. बाल समूह तथा बाल समूह संजाल गठनः** (१) बाल समूह सामान्य अवस्थामा ८ वर्ष देखि १८ वर्षसम्मका बालबालिका भेला भई टोल, दीर्घकालिन बालगृह तथा विद्यालय अन्तर्गत २५ सदस्य रहने गरी बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन्ः

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सहसचिव | १ जना |
| ङ) कोषाध्यक्ष | १ जना |
| च) सदस्य | ४ देखि २० जनासम्म |

(२) एक विद्यालयमा एक बाल समूह रहनेछ ।

(३) विद्यालय र समुदाय स्तरमा बालसमूह गठन गर्दा ८ बर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु आवद्ध हुनेछन् ।

(४) वडामा रहेका प्रत्येक टोल एवं विद्यालयस्तरीय बाल समूहहरुबाट १ बालक र १ बालिका गरी जम्मा २ जना बालवालिकाको प्रतिनिधित्व हुने गरी गरिएको भेलाको आयोजनाबाट वडास्तरीय बाल समूह सञ्जालको गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन्ः

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सहसचिव | १ जना |
| ङ) कोषाध्यक्ष | १ जना |
| च) सदस्य | ४ देखि २० जनासम्म |

(५) उपमहानगरमा रहेका सबै वडास्तरीय बाल समूह सञ्जालहरुबाट १ बालक १ बालिका गरी  जम्मा २ जना बालबालिकाको प्रतिनिधित्व हुने गरी गरिएको भेलाको आयोजनाबाट नगरस्तरीय बाल समूह सञ्जालको गठन गरिनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन् । १९ वटै वडाहरुको प्रत्येक बाल सञ्जालबाट कुनै सञ्जालबाट बालक कुनै सञ्जालबाट बालिका गरी देहाय बमोजिम १९ सदस्यीय नगरस्तरीय बाल समूह सञ्जाल गठन गरिनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |

ग) सचिव १ जना

घ) सहसचिव १ जना

ङ) कोषाध्यक्ष १ जना

च) सदस्य १४ जना सदस्यहरु

(६) बाल समूहमा जतिसुकै उमेर समूहका बालबालिका रहेता पनि १२ देखि १८ वर्ष उमेर समुहले नेतृत्व गर्ने छ ।

(७) सबै विद्यालयस्तरीय र टोलस्तरीय बाल समूहहरू वडा कार्यालयमा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ तथा वडास्तरीय बालसमूह सञ्जाल र नगरस्तरीय बालसमूह सञ्जाल उपमहानगरपालिकामा सूचिकृत र नविकरण हुनु पर्नेछ ।

(८) बालबालिकाको संख्या कम भएको खण्डमा ९ देखि २५ सम्मको बाल समूह गठन गर्न सकिनेछ ।

(९) बाल समूह⁄सञ्जालमा आवश्यकता अनुसार भूतपूर्व पदाधिकारीहरुलाई सल्लाहकारमा राख्न सकिनेछ ।

(१०) हरेक विद्यालयमा बालमैत्री संम्पर्क शिक्षक नै बाल समूह संरक्षकको रुपमा रहेनछन्।

हेटौंडा राजपत्र

## ५. अनुसूची-६ मा संशोधनः

**साविकको अनुसूची-६ को सट्टामा देहायको अनुसूची-६ कायम गरिएको छ ।**

**अनुसूची-६**

**क) आवद्धता सम्वन्धी निवेदन-पत्र**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर ।

**विषयः बाल समूह सञ्जाल सूचीकृत गरिपाउँ ।**

महोदय,

हामिले नगरस्तरीय/वडास्तरीय बाल समूह सञ्जाल गठन गरी तहाँ कार्यालयमा सूचीकृत हुन चाहेकोले बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६ को पहिलो संशोधल निर्देशिका, २०७९ बमोजिम बाल समूह सञ्जाल सूचीकृत गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । निर्देशिकाको अनुसुची ५(क) बमोजिम बैठकको निर्णय प्रतिलिपि, बाल समूह सञ्जालका पदाधिकारीहरुको जन्मदर्ताको प्रमाण-पत्रका प्रतिलिपीहरु यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

**विवरण :**

१) बाल समूह सञ्जालको नाम :

२) समूहका पदाधिकारीहरुको विवरण :

| क.स | नाम | पद | ठेगाना | वर्ष | जाति | लिंग | कक्षा | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |
| २१ | | | | | | | | |
| २२ | | | | | | | | |
| २३ | | | | | | | | |
| २४ | | | | | | | | |
| २५ | | | | | | | | |

३) बाल समूह सञ्जालको ठेगानाः

**निवेदक**

हेटौंडा राजपत्र

## अनुसूची-६
## ख) आवद्धता सम्वन्धी निवेदन पत्र

श्री वडा अध्यक्षज्यू,
...... नं. वडा कार्यालय,
हेटौंडा, मकवानपुर ।

**विषयः बाल समूह सूचीकृत गरिपाउँ ।**

महोदय,

हामिले विद्यालय/टोल/बालगृहस्तरीय ............................ बाल समूह नामको बाल समूह गठन गरी तहाँ कार्यालयमा सूचीकृत हुन चाहेकोले बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७६ को पहिलो संशोधल निर्देशिका, २०७९ बमोजिम बाल समूह सूचीकृत गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । निर्देशिकाको अनुसूची-५(ख) बमोजिम बैठकको निर्णय प्रतिलिपि, बाल समूहका पदाधिकारीहरुको जन्मदर्ताको प्रमाण-पत्रका प्रतिलिपीहरु यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

**विवरण :**

१) बाल समूहको नाम :

२) समूहका पदाधिकारीहरुको विवरण :

| क.स | नाम | पद | ठेगाना | वर्ष | जाति | लिंग | कक्षा | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| १६ | | | | | | | | |
| १७ | | | | | | | | |
| १८ | | | | | | | | |
| १९ | | | | | | | | |
| २० | | | | | | | | |
| २१ | | | | | | | | |
| २२ | | | | | | | | |
| २३ | | | | | | | | |
| २४ | | | | | | | | |
| २५ | | | | | | | | |

३) बाल समूहको ठेगाना:

४) बाल समूह संरक्षकको नाम  र सम्पर्क नं.:

५) सल्लाहकारको नाम र सम्पर्क नं.:

**निवेदक**

**५. अनुसूची-७ मा संशोधनः**

**सािवकको अनुसूची-७ को सट्टामा देहायको अनुसूची-७ कायम गरिएको छ ।**

**अनुसूची-७**

**क) आवद्धता प्रमाण-पत्र**

**हेटौंडा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**आवद्धता प्रमाण-पत्र नं.......**

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिकाको नगरस्तरमा /.....नं. वडास्तरमा रहेका १८ वर्ष मुनिका बालबालिकाहरुको भेला बाट गठन गरिएको नगरस्तरीय/वडास्तरीय बाल समूह सञ्जाललाई यस हेटौंडा उपमहानगरपालिकामा आवद्धता गराइएको जानकारी गराइन्छ ।

तपाईहरुको बाल समूह सञ्जालले सबै बालबालिकालाई बालमैत्री वातावरणमा सम्पूर्ण आधारभूत अधिकार प्रत्याभूति गर्नको लागि सक्रिय भूमिका निर्वाह गर्न सकोस्, शुभकामना छ ।

| | |
|---|---|
| ........................... | ........................... |
| पेश गर्ने | प्रमाणित गर्ने |
| | महाशाखा प्रमुख |

मिति :...........................

हेटौंडा राजपत्र

**अनुसूची-७**
**ख) आवद्धता प्रमाण-पत्र**

**हेटौंडा उपमहानगरपालिका**
# ..... नं. वडा कार्यालय
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**आवद्धता प्रमाण-पत्र नं.......**

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं......... स्थित ................................ टोल/ विद्यालय/बालगृहमा रहेका १८ वर्ष मुनिका बालबालिकाहरुको भेला बाट गठन भएको श्री......................................... बाल समूहलाई यस वडामा आवद्धता गराइएको जानकारी गराइन्छ ।

तपाईहरुको बाल समूहले सबै बालबालिकालाई बालमैत्री वातावरणमा सम्पूर्ण आधारभूत अधिकार प्रत्याभूति गर्नको लागि सक्रिय भूमिका निर्वाह गर्न सकोस्, शुभकामना छ ।

............................
पेश गर्ने

...........................
प्रमाणित गर्ने
वडा अध्यक्ष
...... नं. वडा कार्यालय

मिति :...........................

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र